प्रदेश सरकार
भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,उदयपुर**
प्रदेश नं.१, नेपाल

फोन नं. ०३५-४२०१३०
E-mail : akcudaypur@gmail.com

## कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गर्ने बारे सूचना

दोस्रो पटक सुचना प्रकाशित मितिः २०७८/०६/०८

कृषि ज्ञान केन्द्र, उदयपुरको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यावसाय प्रवर्द्धन कार्यविधि २०७६ मा तोकिएका शर्तहरु पालना गरी देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्न उदयपुर जिल्ला भित्रका रीतपुर्वक दर्ता भएका इच्छुक कृषि सहकारी संस्था, कृषक समूह, कृषि फर्म तथा निजी कृषि उघमीहरुले आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा २०७८/०६/२२ (१५ दिन भित्र) सम्म तोकिएको अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्पूर्ण कृषक महानुभावहरुमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । रीत नपुगेका र म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

| सि. नं. | आयोजना/ क्रियाकलापको विवरण | ईकाइ | परिमाण | आयोजनाको अधिकतम साझेदारी रकम | कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने आधारहरु | अनुदान प्रास गर्नसक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| ४. | बीउविजन आत्मनिर्भर कार्यक्रम पहिलो वर्ष | संख्या | ३ | कुल लागतको ५०-७५% वा बढीमा रु. २ लाख प्रति इकाई | १.तराईमा न्यूनतम १५हेक्टर र पहाडमा ८ हेक्टरमा विउ उत्पादन कार्य संचालन गर्नुपर्ने । | १.कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि उद्यमी/निजी कम्पनी |
| १० | बगर खेति विकास तथा प्रवर्द्धन कार्यक्रम | संख्या | १० | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १.बगर खेति गरिने स्थल नदी खोला किनार आसपासको उकास वा बगर क्षेत्रमा क्लष्टरमा कार्यक्रम संचालन हुनु पर्नेछ ।<br>२.कम्तीमा पाचँ विगहा क्षेत्रफल गर्नु पर्नेछ । | १.कृषक/कृषि उद्यमी/ कृषक समूह/कृषि सहकारी |

आवश्यक कागजातहरुः

१. रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आबेदन ।
२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. प्रचलित कानुन अनुसार आधिकारिक निकायमा संस्था, फर्म, समूह तथा सहकारी दर्ता प्रमाणपत्र (नविकरण भएको) र बैठक निर्णय प्रतिलिपि ।
४. कार्यक्रम संचालन गर्ने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
५. कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना ।
६. सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र ।
७. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।
८. गत आ.व. को लेखा परिक्षण प्रतिवेदन विवरण ।
९. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
१०. जग्गाधनीपुर्जाको प्रतिलिपि वा स्थानिय तहले सिफारिस गरेको जग्गाको क्षेत्रफल ।
११. सम्बन्धित विषयमा प्रवाधिक ज्ञान भए सो को प्रतिलिपी ।
१२. आवेदकले एकै प्रकृतिका अनुदान अन्य निकायबाट नलिएको वा नलिने स्वःघोषणा पत्र ।
१३. लिजमा लिएको जग्गाको हकमा १० वर्षे करारनामा वा संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।
१४. यस अघि सोहि कार्यक्रमको लागि समिति दर्ता भएको भए सोको प्रतिलिपि।
१५. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।
१६. कार्यविधिमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु ।
१७. प्रस्तावना निवेदन दस्तुर व्याक्तिगत रु. १०० र संस्थागत रु. २०० कृषि ज्ञान केन्द्र उदयपुरको कार्यालय कोड नं. ३१२०१११०११ राजश्व शिर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र उदयपुरको फोन नं. ०३५-४२०२६३/४२०१३०/९८५२८२९१३० मा सम्पर्क गर्न सक्नुहुनेछ। साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेवसाईट www.molmac.p1.gov.np वा कृषि विकास निर्देशनालयको वेबसाइट www.doad.p1.gov.np वा कृषि ज्ञान केन्द्र उदयपुरको वेबसाइट udayapur.akc.gov.np बाट "कृषि व्यवसाय प्रवद्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गर्न सकिनेछ।

महेश कुमार चौधरी
निमित्त प्रमुख